# ललितपुर जिल्लामा बोलिने तामाङ भाषाको शब्दहरूको नमुना कोश निर्माण


झञ्ज बहादुर गोले

परीक्षा क्रमाङ्क (दोस्रो वर्ष) : २८२१६९/०६९

त्रि. वि. दर्ता नं. : ९-२-६१७-४-२००७


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि

प्रस्तुत

## शोधपत्र


शिक्षाशास्त्र सङ्काय,

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर ।


२०७४/2018

ललितपुर जिल्लामा बोलिने तामाङ भाषाको शब्दहरूको नमुना कोश निर्माण

५०३/०७२

झञ्ज बहादुर गोले

# प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

.........................

झञ्ज बहादुर गोले

मितिः २०७४/११/०२

## शोध निर्देशकको सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा. शि. (५९८) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत ललितपुर जिल्लामा बोलिने तामाङ भाषाको नमुना शब्दकोश निर्माण शीर्षकको शोधपत्र शोधार्थी झञ्ज बहादुर गोलेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु । अत्यन्त मिहिनेतपूर्वक तयार पारिएको शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकाले यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..................................

प्रा.डा. पारसमणि भण्डारी
शोध निर्देशक
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रि.वि. कीर्तिपुर

मितिः २०७४/११/०३

Date: Feb 15, 2018

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनार्थ झञ्ज बहादुर गोलेले ललितपुर जिल्लामा बसोवास गर्ने तामाङ भाषाको नमुना शब्दकोश निर्माण शीर्षकमा तयार पार्नुभएको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिन्छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| | नाम | हस्ताक्षर |
|---|---|---|
| (१) | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ...................... |
| (२) | प्रा.डा. पारसमणि भण्डारी (शोधनिर्देशक) | ....................... |
| (३) | प्रा.डा. राजेन्द्रप्रसाद पौडेल (शोधविशेषज्ञ) | ....................... |

मिति: २०७४/११/२१

Date: March 5, 2018

## कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पाठ्यांश पूरा गर्न तयार पारेको हुँ । यो शोधकार्य मैले श्रद्धेय गुरु प्रा.डा. पारसमणि भण्डारीको कुशल निर्देशनमा तयार पारेको हुँ । शोध शीर्षक चयनमा प्रा.डा. रामप्रसाद भट्टराईको परामर्श उल्लेखनीय रहेको छ । यो शोधपत्र तयार पार्ने सन्दर्भमा अत्यन्त व्यस्त जीवनमा मलाई अमूल्य समय, समुचित सुझाव, सल्लाह र मार्गनिर्देश दिनुभई शोधपत्र लेखनमा उपयुक्त निर्देशन दिँदै लेखन कार्यलाई सफल बनाउन प्रेरणा दिनु भएकोमा सम्मान्य गुरुहरू डा. राजेन्द्र खनाल, प्रा.डा. राजेन्द्र पौडेल, उपप्रा. दिनेश घिमिरे, गणेश बोहरा लगायत विभागका सम्पूर्ण गुरुहरूप्रति सर्वप्रथम हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

शोध अध्ययनका क्रममा सामग्री सङ्कलन लगायत आवश्यक सल्लाह, सुझाब दिई विशेष सहयोग पुऱ्याउनुहुने आदरणीय श्याम तामाङप्रति विशेष आभारी छु । आफ्नो जीवनमा दुःख र सङ्घर्ष गर्दै, मेरो जीवनको हरेक क्षणमा अविच्छिन्न सफलताको शुभकामना र आशीर्वाद दिँदै शिक्षाका लागि हौसला एवम् शोधकार्य लेखनका लागि आर्थिक व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै सहयोग पुऱ्याउने समग्र गुरुजन, मित्रजन, शुभचिन्तक र मेरो घरपरिवारप्रति विशेष आभार प्रकट गर्दछु । यसैगरी रत्न प्रसाद घिमिरे, शिव घिमिरे, राजेन्द्र रिमाल, रमेश प्रसाद घिमिरे लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्ण आफन्तजन साथीभाइहरू र अध्ययनको सिलसिलामा सम्पूर्ण किसिमको सहयोग प्रदान गर्नुहुने सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा आफ्नो कार्य व्यस्ततामा पनि शोधपत्र टङ्कनमा हरक्षण सहयोग पुऱ्याउनु हुने सोमनाथ तिमल्सिना र सेटिङ कार्यमा सहयोग गर्नुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधार्थी
झञ्ज बहादुर गोले
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर

## शोधसार

| | | |
|---|---|---|
| शोधशीर्षक | : | ललितपुरमा बोलिने तामाङ शब्दहरूको नमुना कोश निर्माण |
| शोधार्थी | : | झञ्ज बहादुर गोले |
| शोध निर्देशक | : | प्रा.डा. पारसमणि भण्डारी |
| विभाग/क्याम्पस | : | नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर |
| शैक्षिक वर्ष | : | २०६८/२०७० |
| जम्मा अध्याय | : | पाँच |
| पृष्ठ सङ्ख्या | : | ............. |

**शोधको उद्देश्य**

क) तामाङ भाषाका शब्दहरूको नमुना कोश निर्माण गर्नु ।

ख) ती शब्दहरूलाई वर्णानुक्रममा राखी तिनका हिज्जे, स्रोत, पदवर्ग, नेपालीमा अर्थ पर्याय, विपर्याय र उदाहरण दिनु ।

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ को आवश्यकता पूर्तिका निम्ति तयार पारिएको हो । प्रस्तुत शोध ललितपुर जिल्लामा बोलिने तामाङ शब्दहरूको नमुना कोश निर्माणमा केन्द्रित रहेको छ । यस शोधमा सङ्कलित शब्दहरूको हिज्जे, स्रोत, पदवर्ग, पर्याय, विपर्याय, अर्थ र उदाहरण दिई नमुना कोश निर्माण गर्नलाई उद्देश्यका रूपमा लिइएको छ । यो शोधपत्र वर्णनात्मक, गुणात्मक अनुसन्धान ढाँचामा आधारित रही तयार पारिएको हो । प्रस्तुत शोधमा ललितपुर जिल्ला चन्दनपुर, कालेश्वर र गोटिखेल गा.वि.स.का तामाङ जातिहरूले प्रयोग गर्ने आधारभूत एवम् मौलिक तामाङ शब्दहरूको नमुना कोश निर्माणलाई अनुसन्धान विषयका रूपमा लिइएको छ । पुस्तकालयीय विधिमा आधारित प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोत सामाग्रीका रूपमा शोधार्थी स्वयम् (म) बाट

छनौट गरिएका शब्दहरू कतिपय नयाँ शब्दलाई उपयोग गरिएको छ । तामाङ बृहत् शब्दकोश तथा अन्य कोशकारहरूका साथै सम्बद्ध सैद्धान्तिक पुस्तकहरू, पत्रपत्रिकाहरू, लेखरचना, शोधकार्यहरू, विषय विशेषज्ञ, निर्देशक लगायतका सुझाव र सल्लाहहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । साथै सङ्कलन गरिएका सामग्रीहरूबाट तथ्यहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट अध्ययन, व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

प्रस्तुत अध्ययनलाई पाँच अध्ययायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा शोध परिचय, दोस्रोमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, तेस्रोमा शोधविधि र प्रक्रिया, चौथोमा तामाङ भाषा कोशको परम्परा र निर्माणका आधारहरु, पाँचौंमा सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**शोध निष्कर्ष**

प्रस्तुत शोध अध्ययनका मुख्य निष्कर्षहरु निम्नानुसार रहेका छन्:

- यो नमुना शब्दकोश द्विभाषिक.शब्दकोश हो । यसमा ललितपुर जिल्ला चन्दनपुर, कालेश्वर र गोटिखेल गा.वि.स.का तामाङ भाषामा प्रचलित मौलिक तद्भव शब्दहरूलाई मात्र लिइएको छ ।
- यस शोधपत्रमा ६१० ओटा शब्दहरू समाविष्ट रहेका छन् ।
- स्वर र व्यञ्जन वर्णका ३४ वर्णहरुद्वारा निर्मित सवै शब्दहरुलाई वर्णानुक्रमा प्रविष्टि दिई प्रत्येक शब्दको उच्चारण, हिज्जे, पदवर्ग, स्रोत, नेपालीमा अर्थ, व्युत्पत्ति, उदाहरण, पर्याय, विपर्याय समेत दिने प्रयास गरिएको छ ।
- शब्दवर्गका आधारमा सबैभन्दा बढी नामपद ४६३ ओटा रहेका छन् भने सवैभन्दा कम संयोजक १ ओटा रहेका छन् । शब्दवर्गभित्र क्रियापदअन्तर्गत क्रियामूल, सकर्मक र अकर्मक क्रिया तथा अनुकरणात्मक शब्दलाई समेत छुट्टै प्रस्तुत गरिएको छ ।
- अध्ययनबाट प्रस्तुत नमुना शब्दकोशमा स्रोतका आधारमा तामाङ मौलिक तद्भव सवैभन्दा बढी ५६३ ओटा र सवैभन्दा कम नेपाली १ ओटा प्रविष्टिमा शब्दहरू रहेका छन् ।

## शब्दकोश प्रयोग गर्ने तरिका

१. प्रस्तुत नमुना शब्दकोशमा शब्दहरू खेज्न सजिलो होस् भन्ने उद्देश्यले शीर्षशब्दहरूलाई प्रविष्टिको क्रममा गाढा अक्षरमा दिइएको छ । उक्त शीर्ष शब्दहरूलाई नेपाली वर्णानुक्रम अनुसार प्रविष्टि दिइएको छ । जुन वर्णानुक्रम यस प्रकार रहेका छन् ।

**स्वर वर्णः-** आ, इ, उ, ए, ओ

**व्यञ्जन वर्ण :** क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह ।

**संयुक्त वर्ण :-** क्य, क्र, क्ल, ख्व, ग्य, ग्रु , ग्ल, ग्व, ङ्य च्य, छ्य, ज्य, ट्व, ड्व, न्य, न्ह, प्ल, फ्य, फ्र, ब्र, ब्लु, भ्र, म्य, म्र, म्ल, म्ह, ह्न/र्ह, ल्ह, व्ह, स्य, स्व, ह्य, ह्र, ह्व

२. संयुक्त वर्णहरूको रखाइ क्रम शुरूमा सग्ला स्वर र व्यञ्जनवर्णको अनुक्रम पश्चात् परम्परागत नियम अनुसार राखिएको छ ।

३. शब्द खोज्दा वर्णानुक्रम सँगै बाह्रखरी अनुसार मात्राको क्रमअनुसार नै खोज्नु पर्दछ । यस नमुना कोशमा **आ, इ, उ,** र **ओ**कारलाई मात्र **ा, ि, ु, े, ो** प्रविष्टि गरिएको छ । जुन तामाङ शब्दकोश (**आ**) (**इ**) (**उ**) (ए) (**ओ**) परम्परा र बाह्रखरीलाई आधार मानिएको छ । बेग्लाबेग्लै मूल शब्द वा अनेकार्थी शब्दलाई उद्देश्य खण्डमा मूल प्रविष्टि दिई शब्दका पछाडि अङ्क क्रम जनाइ छुट्टाछुट्टै प्रविष्टि गरिएको छ , जस्तै : का$_{१}$, का$_{२}$, या$_{१}$, या$_{२}$ ।

४. नमुना शब्दकोशमा संयुक्त व्यञ्जन भएका शब्दहरूलाई पनि उल्लेखित वर्णानुक्रमअनुसार नै राखिएको छ । त्यसैले **क्य, ख्य, क्र, ख्र, क्व, ख्व** आदि क्रमशः संयुक्त वर्णहरूको प्रविष्टि विन्यास रहेको छ ।

५. शीर्ष शब्दपछि उच्चारण सम्बन्धी सूचना दिइएको छ । छड्के ठाडा दुई धर्का // का बीचमा शीर्ष शब्दहरूको उच्चारण दिइएको छ । जस्तैः आस्याङ -/आ.स्याङ्/, उर - /उर्./

६. स्रोत सम्बन्धी सूचना ठूलो कोष्ठक [] भित्र राखिएको छ । तामाङ (तद्भव) मौलिक शब्दहरूमा स्रोतको उल्लेख आवश्यक नदेखिएकोले प्रस्तुत कोशमा उल्लेख गरिएको छैन ।

७. शीर्ष शब्दले वाक्यमा गर्ने कार्यअनुसार शब्दवर्गको सङ्केत गरिएको छ । शब्दवर्गलाई उच्चारण पश्चात् योजक चिह्न - राखी छोटकरीमा सङ्केत रहेको छ । नेपाली व्याकरणको नियम अनुसार नै शब्दवर्ग छुट्याई प्रस्तुत गरिएको छ । जस्तैः- नाम- (ना.), विशेषण- (वि.) सर्वनाम (सर्व.) आदि ।

८. व्युत्पादन सम्बन्धी सूचना निडन चिह्न र () सानो कोष्ठभित्र उदाहरण राखिएको छ ।

९. शीर्ष शब्दको अर्थलाई बुझाउन नेपालीमा अर्थ विन्यास गरिएको छ । यसैक्रममा अर्थ स्पष्ट पार्न विधेय खण्डमा नेपाली अर्थ, पर्याय, विपर्याय, परिभाषा, व्याख्या, पदावली, उखान, र उदाहरण आवश्यकता अनुसार उपयोग गरिएको छ । तामाङ र नेपालीमा उदाहरण प्रस्तुत गरिएको छ भने नेपाली उदाहरणलाई सानो कोष्ठ ( ) चिह्न भित्र राखिएको छ । पदावलीलाई योजक चिह्न - ले छुट्याइएको छ ।

# विषयसूची

पृष्ठ


## अध्याय एक

## शोधपरिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन १

१.३ अध्ययनको उद्देश्य २

१.४ अध्ययनको औचित्य ३

१.५ शोधको सीमा ३

१.६ शोधपत्रको रूपरेखा ४

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा ५

२.२ कोश विज्ञान र यसको सैद्धान्तिक स्वरूप ८

२.२.१ कोशको परिचय ९

२.२.२ कोश विज्ञानको परिचय १०

२.२.३ शब्दकोशको स्वरूप ११

२.२.४ शब्दकोश सम्पादन प्रक्रिया १५

२.२.५ प्रविष्टि विन्यास २५

## अध्याय तीन

## शोधविधि र प्रक्रिया

३.१ शोधविधि २८

३.२ शोध प्रक्रिया २८

३.२.१ सामग्री सङ्कलनका स्रोत २८

३.२.१.१ प्राथमिक स्रोत २८

३.२.१.२ द्वितीयक स्रोत २९

३.३ सामग्री विश्लेषण प्रक्रिया २९

## अध्याय-चार

## तामाङभाषा कोशको परम्परा र निर्माणका आधारहरू


४.१ तामाङ भाषा ३०

४.२ तामाङ शब्दकोश ३२

४.३ तामाङ शब्दकोश परम्परा ३२

४.४ तामाङ भाषाको शब्दकोश ३९

४.५ तामाङ भाषाका नमुना कोशनिर्माणको विश्लेषण ८८

४.५.१ स्रोतका आधारमा शब्दहरूको वर्गीकरण ८८

४.५.२ पदवर्गका आधारमा शब्दहरूको वर्गीकरण ८९

४.५.३ वर्णका आधारमा शब्दहरूको वर्गीकरण ९०


## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता


५.१ सारांश ९२

५.२ निष्कर्ष ९३

५.३ उपयोगिता ९५

५.३.१ नीतिगत तह ९५

५.३.२ प्रयोगगत तह ९६

**सन्दर्भ ग्रन्थसूची** ९८

**व्यक्तिवृत्त**

# सङ्क्षिप्त शब्दसूची

| | | | |
|---|---|---|---|
| अक्रि. | -अकर्मक क्रियापद | बो. | -बोन्बो परम्परा सम्बन्धी |
| उखा. | - उखान | व. | -वनस्पति |
| उदा. | -उदाहरण | जी. | -जीवजनावर |
| क्रिमू | - क्रियामूल | सं. | -संयोजक |
| क्रिवि. | - क्रियाविशेषण | निपा. | -निपात |
| ना. | -नाम | स्त्री. | -स्त्रीलिङ्ग |
| नायो. | -नामयोगी | पु. | -पुलिङ्ग |
| बहु. | -बहुवचन | हे. | -हेर्नुहोस् |
| वि. | -विशेषण | अनु. | -अनुकरणात्मक |
| विप. | -विपर्याय/ विपरीतार्थी | सक्रि. | - सकर्मक क्रियापद |
| वि.सं. | -विक्रम सम्वत् | टु. | - टुक्का |
| ने. | -नेपाली | अने. | -अनेकार्थी |
| प्रा. | -प्राध्यापक | तु. | -तुलनीय |
| प्रा.डा. | -प्राध्यापक डाक्टर | नेपा.शि. | -नेपाली शिक्षा |
| त्रि.वि. | - त्रिभुवन विश्वविद्यालय | नं. | - नम्बर |
| ई. | -ईस्वी सम्वत् | डा. | -डाक्टर |
| हि. | -हिन्दी | उप.प्रा. | -उपप्राध्यापक |
| ति. | -तिब्वती | गा.वि.स. | -गाउँ विकास समिति |
| ला. | -लामा परम्परा सम्बन्धी | | |
| ता. | -ताम्बा परम्परा सम्बन्धी | | |

# चिह्नसूची

| | | |
|---|---|---|
| पूर्णविराम | - | । |
| अल्पविराम | - | , |
| अर्द्धविराम | - | ; |
| निर्देश | - | - |
| अङ्कुसे /नीडन | - | ~ |
| प्रश्नवाचक | - | ? |
| विस्मयादिबोधक | - | ! |
| उद्धरण | - | “-” /‘-’ |
| सानो कोष्ठ | - | ( ) |
| ठूलो कोष्ठ | - | [] |
| विकल्पबोधक | - | / |
| सङ्क्षेपीकृत | - | . |
| समानान्तर | - | = |
| विसर्ग | - | : |